आज मिति २०७७ साल श्रावण ३० गते दिनको ११ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री गुणेन्द्र घर्तीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्य ज्यूहरुको उपस्थितिमा आ.व. २०७७/०७८ को पहिलो गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावेहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गुणेन्द्र घर्ती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री बाग्मती क्षेत्रीनी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री केशवलाल कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री गञ्ज बहादुर क्षेत्री | वडा अध्यक्ष वडा नं. ४ | |
| ६ | श्री नमराज थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ७ | श्री अर्जुन सुवेदी | वडा अध्यक्ष वडा नं. ६ | |
| ८ | श्री मानसिं पुन | वडा अध्यक्ष वडा नं. ७ | |
| ९ | श्री पुर्ण बहादुर पुन | वडा अध्यक्ष वडा नं. ८ | |
| १० | श्री सुना परियार | कार्यपालिका सदस्य वडा नं. ५ | |
| ११ | श्री आशा सुनार | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १२ | श्री सुनिता रोकामगर | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १३ | श्री मन्सरी वि.क. | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १४ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १५ | श्री चन्द्र मरमथानी | कार्यपालिका सदस्य वडा नं. २ | |
| १६ | श्री केशवराज पांर्धे | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **आमन्त्रित** | | | |
| १ | श्री गिर बहादुर विष्ट | का.वा. वडा अध्यक्ष वडा नं. ३ | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | अर्जुन श्रेष्ठ | इन्जिनियर | |
| २ | मोतिम आलम | स्वास्थ्य संयोजक | |
| ३ | भगवती वुढा | प्रमुख, महिला वालवालिका शाखा | |
| ४ | नुमाकान्त कालाथोकी | प्रशासन अधिकृत (छैठौं) | |
| ५ | यादव के.सी. | शिक्षा अधिकृत | |
| ६ | वासुदेव उपाध्याय | प्रमुख, कृषि शाखा | |

| | | | |
|---|---|---|---|
| ७ | रुद्रमणि सुवेदी | वास संयोजक | |
| ८ | हरि बहादुर गिरी | अपरेटर पन्जिकरण | |
| ९ | मधुसुदन गैरे | लेखा अधिकृत | |
| १० | प्रतिभा पौडेल | रोजगार संयोजक | |
| ११ | केशर बहादुर विष्ट | नायव सुव्वा (पाचौं) | |
| १२ | सुदर्शन पुन | सव-इन्जिनियर | |
| १३ | दुर्योधन महरा | सहायक चौथो | |
| १४ | मन बहादुर घर्ती | कार्यालय सहयोगी | |

## पहिलो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१) बार्षिक समिक्षा सम्बन्धमा ।
२) नमुना विद्यालयका लागि सिफारिस सम्बन्धमा ।
३) खुंग्रि प्रहरी चौकी जग्गा खरिद सम्बन्धमा ।
४) घर नक्सा अभिलेखिकरण सम्बन्धमा ।
५) बैंकिङ मार्फत सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा ।
६) जेष्ठ नागरिक मिलन केन्द्रका लागि वडा र वस्ती छनौट सम्बन्धमा ।
७) करार कर्मचारीको तलव भत्ता सम्बन्धमा ।
८) कार्यक्रम सञ्चालनको खर्च मापदण्ड सम्बन्धमा ।
९) उपभोक्ता समितिको लागत सहभागिता सम्बन्धमा ।
१०) टोल विकास संस्था गठन सम्बन्धमा ।
११) दररेट सम्बन्धमा ।
१२) झोलुङ्गे पुलको निर्माण सम्बन्धमा ।
१३) सुलिचौर लेबाङ जोड्ने मोटरबाटो (धनभक्त ज्ञान मार्ग) रकम भुक्तानी सम्बन्धमा ।
१४) चालु आ.व. को योजना सञ्चालन सम्बन्धमा ।
१५) सञ्चार खर्च सम्बन्धमा ।
१६) फिल्ड भत्ता निर्धारण सम्बन्धमा ।
१७) नक्सा अभिलेखिकरण किताव तथा अभिलेखिकरण दस्तुर सम्बन्धमा ।
१८) करार अमिन सम्बन्धमा ।
१९) विविध छलफल सम्बन्धमा ।

### २०७७ श्रावण ३० गते बसेको पहिलो कार्यपालिकाको बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | बार्षिक समिक्षा सम्बन्धमा । | गत आ.व.मा सञ्चालित कार्यक्रम तथा योजनाहरुको बार्षिक समिक्षा गरि चालु आ.व.मा अगाडि बढ्न उपयुक्त भएको । | गत आ.व. २०७६/०७७ मा गाउँपालिकाका विभिन्न शाखाहरु तथा वडा कार्यालयहरुबाट भए गरेका कार्यक्रम तथा आयोजनाहरुको समिक्षा कार्यक्रम सम्पन्न गरियो । साथै गत आ.व.मा भए गरेका कामहरुको मूल्याङ्कन गर्दै चालु आ.व.को कार्यक्रम अगाडि बढाउने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |

| | | | | |
|---|---|---|---|---|
| २ | नमुना विद्यालयका लागि सिफारिस सम्बन्धमा | शिक्षा तथा सामाजिक विकास निर्देशनालय प्रदेश नं. ५, वुटवलको मिति २०७७/४/१६ को पत्रबाट नमुना विद्यालयको लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना प्राप्त भएको । | शिक्षा तथा सामाजिक विकास निर्देशनालयको सूचना अनुसार नमुना विद्यालयका लागि सिफारिस गरिदिनुहुन भनि श्री रामेश्वरी माध्यामिक विद्यालय, घोडागाउँ र श्री जनज्योति माध्यामिक विद्यालय गजुलको निवेदन प्राप्त भएकोमा नमुना विद्यालयको लागि सूचनामा उल्लेखित शर्तहरु श्री जनज्योति माध्यामिक विद्यालय गजुलबाट पुरा भएको देखिएकोले श्री जनज्योति माध्यामिक विद्यालय गजुललाई नमुना विद्यालयका लागि लाग्ने कुल लागतको २० प्रतिशत रकम व्यहोर्ने प्रतिवद्धता सहित नमुना विद्यालय सञ्चालनका लागि सिफारिस गर्ने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ३ | खुंग्रि प्रहरी चौकी जग्गा खरिद सम्बन्धमा । | मिति २०७७/०४/२६ गते इलाका प्रहरी कार्यालय खुंग्रि रोल्पाले भवन निर्माणका लागि जग्गा उपलब्ध गराइदिने सम्बन्धको पत्र प्राप्त भएको । | इलाका प्रहरी कार्यालय खुंग्रिको भवन निर्माणका लागि प्रदेश सरकार, प्रदेश नं. ५ बाट रु २ करोड रकम विनियोजन भएको र भवन निर्माणका लागि आवश्यक पर्ने ३ देखि ५ रोपनी जग्गा खरिद गरी यस कार्यालयको नाममा जग्गा धनि पुर्जा उपलब्ध गराइदिने भनि पत्र प्राप्त भएको हुँदा भवन निर्माणका लागि आवश्यक पर्ने जग्गा सम्भव भए सम्म दाताहरुबाट दान स्वरुप प्राप्त गर्ने प्रकृया अगाडि बढाउने र सम्भव नभएमा सकेसम्म सस्तो जग्गा खरिद गर्नको लागि (स्वास्थ्य चौकी तथा ल्याडफिल्ड साइट) बजेट खर्च शिर्षकबाट बढिमा रु १५ लाख सम्म जग्गा खरिदको रकम प्रहरी चौकी खुंग्रिलाई उपलब्ध गराउने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ४ | घर नक्सा अभिलेखिकरण सम्बन्धमा । | गाउँपालिका भित्र रहेका घरहरुको अभिलेखिकरण तथा नयाँ घर निर्माणका लागि घर नक्सा पासको वन्दोवस्ती गर्न तत्काल आवश्यक रहेको । | घर नक्सा अभिलेखिकरण कार्यविधि-२०७६, मिति २०७६/१२/०९ गते वसेको एघारौं कार्यपालिका वैठकबाट पारित भईसकेकोले तत्कालै कार्यान्वयन गर्नका लागि अनूसुचि-१ बमोजिमको कार्यहरु कार्यान्वयन गर्ने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ५ | बैकिङ मार्फत सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा । | सामाजिक सुरक्षा भत्ता वापतको रकम सेवाग्राहीको बैंक खातामा सोझै जम्मा गर्ने नीति रहेको र सोहि अनुरुप निकाशा गरिने भनि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र कोष तथा लेखा नियन्त्रण कार्यालय रोल्पाको पत्र प्राप्त भएको । | चालु आ.व.मा सामाजिक सुरक्षा भत्ता वितरण कार्य वैंक मार्फत भुक्तानी गर्नुपर्ने निर्देशन भएकोले यस गाउँपालिका स्थीत सञ्चालित वैंक तथा वित्तिय संस्थाहरुलाई तत्काल जानकारि गराई इच्छुक वैंक तथा वित्तिय संस्थाहरु संग सम्झौता गरि चालु आ.व.को प्रथम किस्ता देखि नै कार्य अगाडि बढाउन पञ्जिकरण शाखा र सवै वडाहरुलाई निर्देशन दिने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ६ | जेष्ठ नागरिक मिलन केन्द्रका लागि वडा र वस्ती छनौट सम्बन्धमा । | आ.व. २०७७/०७८ को बजेट, योजना र कार्यक्रममा जेष्ठ नागरिक मिलन केन्द्रका लागि बजेट विनियोजन भएको । | बार्षिक स्वीकृत कार्यक्रम अनुसार जेष्ठ नागरिक मिलन केन्द्र स्थापनाका लागि वडा नं. १ को छात्रवास भन्ने स्थानमा जेष्ठ नागरिक मिलन केन्द्र स्थापना गर्ने कार्य अगाडि बढाउने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ७ | करार कर्मचारीको तलव भत्ता सम्बन्धमा । | यस गाउँपालिका तथा मातहतका कार्यालयहरुमा कार्यरत करार कर्मचारीहरुको तलव भत्ता हेरफेर गर्न आवश्यक देखिएको । | गाउँपालिका, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा कार्यरत सामाजिक परिचालक तथा कार्यालय सहयोगिहरुको तलव पारिश्रमिक ज्यादै न्यून देखिन आएकोले आन्तरिक श्रोतलाई मध्यनजर गरि निजहरुले हाल खाइपाइ आएको तलव पारिश्रमिकमा रु २ हजार थप गरि चालु आ.व. देखिनै उपलब्ध गराउने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |

| | | | | |
|---|---|---|---|---|
| ८ | कार्यक्रम सञ्चालनको खर्च मापदण्ड सम्बन्धमा । | गाउँपालिकाबाट सञ्चालन गरिने गोष्ठि, अभिमुखिकरण लगाएतका कार्यक्रम सञ्चालन गर्न खर्चको मापदण्ड तयार गरि स्वीकृत गर्न आवश्यक भएको । | गाउँपालिकाबाट सञ्चालन गरिने गोष्ठि, अभिमुखिकरण, तालिम लगाएतका कार्यक्रम सञ्चालनका लागि अनुसुचि-२ बमोजिमको खर्चको मापदण्ड अनुसार गर्ने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम आगामी वैठकबाट निर्णय गर्ने निर्णय गरियो । |
| ९ | उपभोक्ता समितिको लागत सहभागिता सम्बन्धमा । | स्वीकृत योजनाहरु उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउदा उपभोक्ता समितिको लागत सहभागीता तोक्न आवश्य देखिन आएको । | चालु आ.व.मा स्वीकृत योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउदा उपभोक्ता समितिलाई अपनत्व तथा पूर्ण जिम्मेवारी वोध गराउन विनियोजित रकमको १० प्रतिशत नगदै उपभोक्ता समितिले लागत सहभागीता स्वरुप रकम उपभोक्ता समितिको खातामा जम्मा गरि रकम जम्मा गरेको भौचर पेश गरे पश्चात गाउँपालिकाबाट योजना संझौता गरि निर्माण कार्य सम्पन्न गरे पश्चात भुक्तानी हुनुपर्ने रकम उपलब्ध गराउने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |

समय अभावका कारण आज वसेको वैठक मिति २०७७/०४/३१ दिनको १० बजे पुनः बस्ने गरि स्थगित गरियो, प्रस्ताव नं. १० देखि माथिका प्रस्तावहरु दोश्रो वैठकमा निर्णय गर्ने गरि आज वसेको वैठक अध्यक्षज्यूबाट स्थगित गरियो ।

# अनुसूची-१

## (निर्णय नं ४ सँग सम्बन्धीत)

## घरनक्सा अभिलेखीकरण कार्यप्रक्रिया

- पुराना भवनहरुको अभिलेखिकरण अनिवार्य गर्ने र ईच्छुक कन्सल्टेन्सी दर्ता तथा नवीकरण सम्बन्धमा २०७७/०४/३१ गते सूचना जारी ६ महिनासम्म लागु गर्ने ।

निवेदन

घरनक्सा अभिलेखारण गर्न आउदा निवेदकलेतपशिल बमोजिमकाल्याउनुपर्ने आवश्यक पर्ने कागजपत्रहरूलिई निवेदन पेश गर्नु पर्ने छ:

1. घरधनिनागरिकताकोप्रतिलिपि
2. लालपुर्जा प्रमाणपत्रको प्रतिलिपि
3. राजस्वो(तिरो) तिरेको रसिदको प्रतिलिपि
4. आफ्नो जग्गाको ट्रेसनक्सा
5. गा.पा. मा सुचिकृत परामर्शदाता बाट बनाएको घरको नक्सा
6. सम्बन्धित वडाको सिफारिस
7. अभिलेख किताब

निवेदकको घर उक्त वडाको... कित्ता न. माबनाएको हो भनि सिफारिसगर्न

अभिलेख दरखास्त किताबको मूल्य रु. ५००/-

नक्सा नापजाच

अमिनलाई फिल्डको जग्गाको नापजाच गरि प्रतिवेदनपेश गर्न पत्र काटिन्छ ।

- गा.पा. को काममा अमिन राख्नका लागि ईच्छुक अमिनलाईगा.पा. मा आफ्नो प्रमाणपत्र सहित दर्ता गरिई एउटा (१) नक्सानाप जाच गरि प्रतिवेदन पेश बापत रु. १०००/- पाउने गरी काममा लगाउन सकिने ।
- अथवा अमिन लाई ज्यालादारी/करार मा राख्न सकिने ।

कन्सल्टेन्टले अभिलेख किताबमाआफुले बनाएको अभिलेक नक्शाको आधारमाप्राविधिक विवरण भर्नु पर्ने

- ईच्छुक कन्सल्टेन्ट लाईगा.पा. मा दर्ता तथा नवीकरण गराउनु पर्ने
- घरनक्शा बनाउने सम्बन्धित कन्सल्टेन्टले नक्शा बनाएको सेवा शुल्क बाफत भुई तल्ला १००० वर्ग फिट सम्मको भवन संरचनाको लागि रु. ५०००/- सम्म, १००० देखि २०००वर्ग फिट सम्मको भवन संरचनाको लागि रु. ८०००/- र २००० वर्ग फिट भन्दा बाढीका संरचनाहरुको १०,०००/- सम्म साथै माथि उल्लेख गरिएका क्षेत्रफल अनुसारका घरहरुको पहिलो तलामा ३५% ले हुन आउने रकम कम, दोश्रो र अन्य तलामा ४०% ले हुन आउने रकम कम मात्र लिन पाउने व्यवस्था मिलाउने ।

घरनक्शा अभिलेखीकरण दस्तुर

- राजस्वशाखाले नक्शा अभिलेख दस्तुर प्रति वर्गफिट को तपशिल बमोजिका दरले कुल क्षेत्रफल (सबै तल्लाको गरी) को राजस्व काट्ने ।

तपशिल

| | | |
|---|---|---|
| १. | फ्रेम स्ट्रक्चर इट्टा वा ब्लकको गारो भएको प्रति वर्ग फिट | रु ५।– |
| २. | लोड बियरिङ्ग आर.सि.सि. छाना भएको प्रति वर्ग फिट | रु ४.५।– |
| ३. | लोड बियरिङ्ग स्लेट वा जस्ता छाना भएको प्रति वर्ग फिट | रु ३।– |
| ४. | कच्चि घरको भूइतलाको प्रति वर्ग फिट | रु ०.५।- |

संधियारको नाममा जारि सूचना (१५ दिने )

- यो सूचना गाउँपालिका र संबन्धित वडामा सूचना निकाल्ने
- सम्बन्धित वडाले १५ दिने सुचना टास गरेको मुचुल्का गा.पा. पठाउने
- सर्जमिन मुचुल्का तयार गर्ने (सधियाको सहि अनिवार्य )

प्रतिवेदनपेश गर्ने

- कन्सल्टेन्टुले निर्माण कार्य सम्बन्धि घरधनीको तर्फबाट राखिएको कन्सल्टेन्ट सुपरिवेक्षककोप्रतिवेदन पेश गर्ने
- गा.पा. प्राविधिकले निर्माण कार्य सम्बन्धि स्थलगत निरिक्षण गरीप्रतिवेदन पेश गर्ने
- गा.पा. प्रविधिले घर अभिलेक प्रमाणपत्रको लागि टिप्पणी आदेश बनाउने

कबुलियतनामा पत्र

- घरधनि र गा.पा. बीच जिम्माको बिसयमा कबुलियेतनामा गर्ने

घर नक्शा अभिलेख प्रमाण-पत्र

- घरधनीलेदुई(२) वटा पासपोर्ट सईजको फोटो लिई आउनु पर्ने